# शहिद लखन गाउँपालिका

# भकारो सुधार कार्यक्रम संचालन कार्यविधि

२०७६

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६

**प्रस्तावना :**

कृषि व्यावसायलाई दीगो र उत्पादनशील बनाउन गुणस्तरीय प्रांगारिक बस्तुको आवश्यकताको विकल्प छैन । पशु वस्तुहरुबाट निस्केका मल र पिसावलाई ब्यबस्थित गर्न भकारो सुधार एक महत्वपूर्ण कार्य हो । तसर्थ भकारो सुधार गरी मल मुत्र ब्यबस्थित गर्नको लागि भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि २०७६ निर्माण गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :**

क) यस कार्यबिधिको नाम भकारो सुधार कार्यक्रम सम्बन्धी कार्यबिधि २०७६ रहनेछ ।

ख) यो कार्यबिधि शहिद लखनगाउँपालिका गोरखाको गाँउकार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागु हुनेछ ।

## परिच्छेद २

## परिभाषा

**२. परिभाषा :**

**क) गाउँपालिका** भन्नाले यस शहिदलखन गाँउपालिका गोरखा भन्ने जनाउँदछ ।

**ख) कृषक** भन्नाले बर्षभरि आफ्नो वा भाडाको जग्गा लिई खेती गर्ने ब्यक्तिलाई जनाउँदछ ।

**ग) भकारो** भन्नाले ठुला गाई वा भैंसी बस्ने स्थायी संरचना भएको ठाउँलाई सम्झनु पर्दछ ।

## परिच्छेद ३

## उद्देश्य

**३.उद्देश्य :** कार्यक्रम देहायको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिनेछ ।

क) कृषकहरुले पालेको बस्तुको गोठ निर्माण गर्ने ।

ख) मल मूत्रको सदुपयोग गर्ने ।

ग) गुणस्तरीय प्राङ्गारिक बस्तुको उत्पादन गरी दिगो कृषि र प्रांगारिक खेतीमा जोड दिने । रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्ने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैरुङ, गोरखा २०७३

२०७६/०८/१८

जीवन बहादुर आँले मगर
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ४

छनौट प्रक्रिया

४. छनौट समिति :

**छनौट समिति देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) योजना शाखा प्रमुख | सदस्य |
| घ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| ङ) कृषि शाखा प्रमुख | सदस्य सचिव |

५. **छनौट समितिको काम, कर्तव्य र अधिकारः** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनको चरणमा लैजाने

घ) कार्यान्वयनको अवस्थामा र सम्पन्न पश्चात अनुगमन गर्ने

६. **कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु**

(क) कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु अनुसूची १ बमोजिम हुनेछ ।

(ख) अनुदान प्राप्त गर्नब योग्य हुन कम्तिमा ५० अंक हासिल गर्नुपर्नेछ ।

परिच्छेद ५

कार्यक्रम संचालन

७. संचालन बिधि

क) आवेदन पेश गर्नको निम्ति सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

ख) स्थलगत अनुगमन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले कार्यक्रम छनौट गर्नेछ ।

ग) छनौट भएका कृषक, फर्म र सहकारीसगँ सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

घ) सम्झौता भइकेपछि छनौटमा परेका कृषकले बस्तु बस्ने ठाँउ ढलान गर्ने,पिसाब बग्ने नाली तयार गर्ने तथा पिसाब जम्मा हुने ट्यांकी निर्माण गर्ने । जसमा १ वटा पशुको लागि ६ फिट

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैलङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

लम्बाई ४ फिट चौडाई को बस्ने ठाँउ र पिसाब संकलन ट्यांकीको साइज २ घन फिटको हुनु पर्दछ ।

ङ) भुक्तानी लिन आउँदा वडा कार्यालयको सिफरिस,निर्माण गरिएको भकारोको कृषक स्वयं बसेको फोटो तथा विल भरपाई समेत पेश गर्नु पर्नेछ ।

च) भकारो सुधारको लागि प्रति भकारोको रु १२,०००।- का दरले अनुदान प्रदान गरिनेछ ।

छ) भकारो सुधार कार्यक्रमको लागि गाँउपालिका कार्यालयबाट ८५% र कृषकले १५% बराबरको रकम जनश्रमदान गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विविध

८. **अनुगमन** : संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखाले गर्न सक्नेछ ।

९ **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. **वाधा अड्काउ फुकाउ**: यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा कृषि कार्यक्रम छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

२०७६।०४।१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनूसूची १
(दफा ६ सँग सम्बन्धित)

| क्र.सं | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १ | ठूला पशु संख्या | १ वटाका लागि १५<br>२ वटाका लागि २५<br>३ वटा वा सो भन्दा लागि ३५ |
| २ | व्यवसायिक खेती गरिने जग्गाको क्षेत्रफल | १ रोपनी भन्दा कमका लागि ५<br>१ रोपनी देखि ५ रोपनी सम्म १०<br>५ रोपनी देखि १० रोपनी सम्म १५<br>१० रोपनी देखि १५ रोपनी सम्म २०<br>१५ रोपनी भन्दा माथिका लागि २५ |
| ३ | कृषकको प्रविधिक क्षमता | तालिम प्राप्तका लागि २० र नभएका लागि १० |
| ४. | लक्षित वर्ग | सिमान्तकृत २०, दलित र जनजाती १५, अन्य १० |

मिति:२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः २०७६।०५।१९

प्रमाणिकरण मितिः २०७६।०५।१९

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरुङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत